

के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक ६ गते मंगलबार ❑ 22 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## रास्वपाको पोखरामा बिरोध प्रर्दशन जारी

**पोखरापत्र संवाददाता**
पोखरा, ५ कार्तिक

सहकारीको रकम अपचलन गरेको आरोपमा पक्राउ पर्नु भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेको रिहाइको माग गर्दै सोमबार पनि पोखरामा बिरोध प्रर्दशन भएको छ ।

राजनीतिक प्रति सोचका आधारमा सभापति लामिछाने माथि झुटा मुद्धा लगाउन लागेको भन्दै रास्वापाले सोमबार पोखराको पृथ्वीचोक र मानव अधिकार चोकमा बिरोध प्रर्दशन गरेको हो । सभापति लामिछाने रिहाई नभएसम्म आफुहरुको आन्दोलन जारी रहने रास्वपाले जनाएको छ। त्यसै गरी मंगलबार पोखराको जिरोकिलोमिटर क्षेत्रमा मध्यन्हः १२ः३० बजे



बिरोध प्रर्दशन कार्यक्रम हुने भएको छ । आफुहरुको आन्दोलनमा घुष पैठ भएको सांसद एवं पूर्व मन्त्री तोसिमा कार्कीले जनाइन् । सरकारले सभापति लामिछाने बिरुद्ध झुटा मुद्धा लगायर दुःख दिन लागेकोले त्यसको बिरुद्धमा सडकमा उर्त्रिएको उहाँको भनाई छ । पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन प्रकरणमा शुक्रबार पक्राउ पर्नु भएको लामिछानेलाई जिल्ला अदालत कास्कीमा आइतबार उपस्थित गराई ६ दिनको म्याद थप भएको हो । शुक्रबार काठमाडौं वनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयबाट पक्राउ पर्नु भएको लामिछानेलाई सोही दिन राति पोखरा ल्याई जिल्ला प्रहरी कार्यालय कास्कीको नियन्त्रणमा राखिएको हो । शनिबार सार्वजनिक बिदा परेकाले उहाँलाई आइतबार मात्रै अदालतमा पेश गरिएको हो । उहाँलाई अदालतमा पेश गर्नु अघि देखि पोखराको सहिदचोकमा ठूलो संख्यामा रास्वपाका नेता तथा कार्यकर्ता ठुलो सङख्यामा जम्मा हुनु भएको थियो भने राष्ट्रबैंक चोकमा सहकारी पीडित जम्मा नारा बाजी गर्नु भएको थियो ।

जिल्ला प्रशासन कार्यालयले सम्भावित स्थिति नियन्त्रण गर्न सहिदचोक आसपासका क्षेत्रमा अनिश्चितकालीन निषेधाज्ञा आइतबार जारी गरेको थियो । उक्त निषेधाज्ञा तोडेर नाराबाजी गर्ने क्रममा प्रहरीसँग रास्वपाका नेता तथा कार्यकर्ताहरु बिच सामान्य हात हालहालको स्थिती सृजना भए पछि प्रहरीले पानीको फोहोरा र अश्रुग्यास समेत प्रहार गरेको थियो ।

## गण्डकी प्रदेशको वन तथा वातावरण मन्त्रीमा भेषबहादुर पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, ५ कार्तिक

गण्डकी प्रदेशमा मन्त्री परिषदले पूर्णता पाएको छ । प्रदेशको वन तथा वातावरण मन्त्रीमा भेषबहादुर पौडेल नियुक्त भएसंगै गण्डकी प्रदेशमा मन्त्री परिषदले पूर्णता पाएको हो ।

नवनियुक्त मन्त्री पौडेललाई प्रदेश प्रमुख डिल्लीराज भट्टले सोमबार नै पद तथा गोपनियताको शपथ ग्रहण गराउनु भएको थियो । प्रदेशमा अब ९ वटा मन्त्रालय पुगेको छ । जस मध्य मुख्यमन्त्री सहित काग्रेंसको भागमा ५, एमालेको भागमा ४ वटा मन्त्रालय परेको हो । कागेंसले आफ्नो भागबाट नेपाल समाजवादी पार्टीका सांसद फणीन्द्र देवकोटालाई उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रा लयको जिम्मा दिनु भएको थियो । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आजै सरकार विस्तार गर्नु भएको हो । केही समय देखि खाली रहेको वन तथा वातावरण मन्त्रालयमा लमजुङका



पौडेललाई मुख्यमन्त्री पाण्डेले उक्त मन्त्रालयको जिम्मा दिनु भएको हो । पौडेल लमजुङ कांग्रेसका निवर्तमान सभापति हुनुहुन्छ ।

भौतिक पुर्वाधार तथा यातायात व्यबस्था मन्त्रालयबाट राजीव गुरुङ उर्फ दीपक मनाङेलाई वन मन्त्रालयको जिम्मेवारीमा परिवर्तन गरे पछि उहाँले मन्त्री पदबाटै तत्कालै राजीनामा दिनु भएको थियो । भागबन्डा मिलाउन ७ मन्त्रालयबाट ९ बनाएपछि कांग्रेसको भागमा परेको ५ मन्त्रालय भित्रबाट भदौ १७ गते मुख्यमन्त्री पाण्डेले मनाङेलाई मन्त्री कायम गर्नु भएको थियो । मुख्यमन्त्री पाण्डेले लामो प्रयास पछि १७ भदौमा एमालेलाई सरकारमा सहभागी गराउन सफल हुनु भएको थियो । एमालेले मनाङे र समाजबादीका देवकोटालाई मन्त्री पदबाट हटाउनुपर्ने माग राख्दै आएको थियो । तर आफूलाई अप्ठ्यारो अबस्थामा सरकार बचाउन विश्वासको मत दिएको भन्दै मुख्यमन्त्री पाण्डेले गठबन्धन बाहिरका नेपाल समाजवादी पार्टीका फणिन्द्र देवकोटा र मनाङबाट स्वतन्त्र जितेका मनाङेलाई नहटाउने अडान लिनु भएको थियो ।

## भ्रष्टाचार छानबिन गर्न बलियो संस्था आवश्यक : पूर्वप्रधानमन्त्री भट्टराई

**पोखरापत्र संवाददाता**
पोखरा, ५ कार्तिक

नेपाल समाजवादी पार्टी (नेसपा) का संयोजक एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले भ्रष्टाचारको छानबिनका लागि बलियो संस्था आवश्यक रहेको बताउनुभएको छ ।

नेसपाको सोमबारदेखि पोखरामा सुरु भएको प्रथम विधान अधिवेशनको उद्घाटन गर्दै उहाँले भ्रष्टाचारको निष्पक्ष छानबिन नभएकाले शक्तिशाली र साधनस्रोत सम्पन्न संस्थाको खाँचो रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "फरक पार्टीकालाई भ्रष्टाचारको मुद्दा लगाउने र आफ्नालाई संरक्षण




गर्ने गरिएको छ । यसरी देशमा सुशासन कायम हुन सक्दैन । भ्रष्टाचार नियन्त्रण गर्न बलियो संस्था आवश्यक छ ।" संयोजक भट्टराईले राष्ट्रिय एकता बलियो बनाउनका लागि देशभित्र रोजगारी सिर्जना गरेर युवाहरुलाई देशभित्र नै राख्नुपर्नेमा जोड दिनुभयो । "देशका लागि लड्ने युवा नभए राष्ट्रिय स्वतन्त्रता कमजोर हुन्छ, देशलाई एकताबद्ध राख्न देशभित्र रोजगारी सिर्जना गर्ने र युवाहरुलाई देशभित्रनै राख्नुपर्दछ । हिमाल, पहाड र तराईमा बस्नेहरुबीच एकता कायम गरेर मात्र राष्ट्रिय बलियो बन्दछ ।" भट्टराईले भन्नुभयो । नेसपाको वैचारिक राजनीतिक विश्लेषणा सही रहेको बताउँदै केही समय लागे पनि आफूहरुको विचार स्थापित भएरै छाड्ने उहाँले स्पष्ट पार्नुभयो । "पाँच सिद्धान्तका आधारमा नयाँ नेपाल बनाउने परिकल्पना हाम्रो रहेको छ । केही समय लाग्ला

बाँकी अन्तिम पृष्ठमा ▶▶

## तेस्रो पोखरा अन्तर्राष्ट्रिय पर्वतीय क्रस-कन्ट्री दौड प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ५ कार्तिक

पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले तेस्रो पोखरा अन्तर्राष्ट्रिय पर्वतीय क्रस-कन्ट्री दौड प्रतियोगिता हुने भएको छ । हिमालयन टुरिजम फोरमले यही कात्तिक २४ गते दौड प्रतियोगिता गर्ने तयारी गरेको आज पत्रकार सम्मेलन गरी आयोजकले जानकारी दिएको छ।

'रन फर कमन प्रोस्पेरिटी' भन्ने नाराका साथ आयोजित प्रतियोगितामा नेपाल र चीनका खेलाडीहरुले सहभागिता जनाउनेछन् । प्रतियोगिताले पर्यटन प्रवर्द्धनका साथै पोखरा अन्तर र्राष्ट्रिय विमानस्थल सञ्चालनमा सहयोग पुऱ्याउने र नेपाल-चीन बीचको सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास लिइएको छ । दौड तालिका अनुसार कात्तिक २२ गते खेलाडीको आगमन, कात्तिक २३ गते खेलाडी दर्ता र आवश्यक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गुरुकुल सञ्चालनका लागि मुठीदान अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, ५ कार्तिक

पोखरा महानगरपालिका-३२ लामेआहालमा सञ्चालित राधाकृष्ण गुरुकुल संस्कृत विद्यालय सञ्चालनका लागि मुठीदान अभियान सुरु गरिएको छ ।


विद्यालय नियमित सञ्चालनका साथै आवासीय रूपमा अध्ययनरत विद्यार्थी र अध्यापनरत गुरुहरूको भोजन व्यवस्थापनलाई लक्षित गरी मुठीदान अभियान सुरु गरिएको हो । कक्षा ६ देखि १० सम्म सञ्चालित विद्यालयमा पूर्वको सङ्खुवासभादेखि विभिन्न जिल्लाका २९ जना विद्यार्थीका साथै विषयगत शिक्षकहरू आवासीय रूपमा यहाँ बस्दै आएका प्रधानाध्यापक प्रकाश उपाध्याय रेग्मीले जानकारी दिनुभयो । विद्यालयको अन्य आर्थिक स्रोतहरू नभएका कारण नियमित भोजन व्यवस्थापनलगायत प्रयोजनका लागि मुठीदान अभियान सुरु गरिएको उहाँले बताउनुभयो । विद्यालयका लागि सरकारबाट वार्षिक रूपमा प्राप्त हुने



रु १० लाख अनुदानबाहेक अन्य कुनै आम्दानी नभएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्रप्रसाद रेग्मीले रासससलाई जानकारी दिनुभयो । "विद्यार्थीलाई अध्यापन गराउने विषयगत शिक्षकका साथै विद्यार्थीहरूको पठनपाठन र भोजनलगायतमा गुरुकुलतर्फ मासिक न्यूनतम रु दुई लाख खर्च हुने गरेको छ", उहाँले भन्नुभयो, "गुरुकुलसँगै यहाँस्थित राधाकृष्ण मन्दिरको नियमित पूजाआजा एवम् सरसफाइका लागि मासिक रु एक लाख खर्च हुने गरेको हुँदा खर्च व्यवस्थापन गर्न असहज भइरहेको छ । यसैकारण मुठीदान अभियान सञ्चालन गरिएको हो ।" विद्यालयमा शौचालय, भोजनालयजस्ता अत्यावश्यकीय पूर्वाधारको समेत अभाव रहेको अध्यक्ष रेग्मीको भनाइ छ । मुठीदान अभियान सञ्चालनका लागि राधाकृष्ण मन्दिर शान्ति आश्रम र विद्यालयको संयुक्त पहलमा अन्नपात्रहरू तयार गरेको विद्यालय व्यवस्थापन समितिका सदस्य एवं आश्रमका सचिव घनश्याम खनालले जानकारी दिनुभयो । अन्नपात्रलाई मुठीदान (भण्डारी) नाम दिइएको उहाँले जानकारी दिनुभयो । करिब एक पाथी क्षमताका अन्नपात्र विद्यालयमा सहयोग गर्न इच्छुक महानुभावलाई हस्तान्तरण गरिन्छ । सहयोगदाताले आफ्नो नियमित खाना व्यवस्थापनमा हुने खर्चमध्ये केही छुट्याएर राख्ने र भरिएपछि मन्दिरमा उपलब्ध गराउने गर्दछन् । असोज १ गतेदेखि सुरु गरिएको अभियानअन्तर्गत हालसम्म ४७ जनाले अन्नपात्र लिएर जानुभएको र केही व्यक्तिले भरिएपछि मन्दिरमा ल्याएर बुझाएर पुनः पात्रहरू लिएर जानुभएको सचिव खनालले जानकारी दिनुभयो । "यस अभियानले गुरुकुलको सञ्चालनमा केही न केही सहयोग पुग्ने हामीले विश्वास लिएका छौं । गुरुकुलको दीर्घकालीन सञ्चालनका लागि सहयोगी मनहरूलाई हामीले नियमित सहयोगका लागि आग्रह गरेका छौं", उहाँले भन्नुभयो । निम्बार्क सम्प्रदायको विस्तार गर्ने लक्ष्यका साथ विसं २०२२ मा राधाकृष्ण मन्दिर स्थापना भएपछिको महत्वपूर्ण उपलब्धिका रूपमा यहाँस्थित वृद्धाश्रम र गुरुकुल संस्कृत विद्यालयलाई लिने गरिएको स्थानीयवासी बताउँछन् ।

मन्दिर स्थापनाको पाँच दशकपछि विसं २०७० मा स्वीकृति प्राप्त गरी २०७१

बाँकी अन्तिम पृष्ठमा ▶▶



# वालिङ नगरमा कानुन विपरीत शिक्षक सरुवा

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ५ कार्तिक

स्याङ्जाको वालिङ नगरपालिकाले दुई शिक्षक सरुवा गर्दा कानुन विपरीत गरेको पाइएको छ । शिक्षक सरुवासम्वन्धी निर्देशिका २०८१ र स्थानीय सरकार शिक्षा ऐन विपरीत दुई शिक्षक सरुवा गरिएको हो ।

शिक्षक सरुवा गर्दा दरबन्दी मिलान बाहेक अन्य प्रक्रियामा सरुवा गर्दा दुवै विद्यालयको व्यवस्थापन समितिको सहमति आवश्यक रहने व्यवस्था ऐनमा छ । तर वालिङ नगर शिक्षा समितिले दुई शिक्षकलाई सरुवा गरेर मिलान गर्दा कुनै पनि विधि नअपनाउदा विवाद भएको छ ।

वालिङ नगर शिक्षा समितिको असोज १३ गते बसेको बैठकले वालिङ १ स्थित रणविर जनहित माध्यमिक विद्यालय र वालिङ ५ स्थित महेन्द्र माध्यमिक विद्यालयका तृतिय श्रेणीका माध्यमिक अंग्रेजी शिक्षकलाई सरुवा गरेको थियो । रणविर जनहित माविका अंग्रेजी शिक्षक कमलराज लम्साललाई महेन्द्र माविमा र महेन्द्र माविका अंग्रेजी शिक्षक अर्जुनप्रसाद पोख्रेललाई रणविर माविमा सरुवा गरिएको थियो । महेन्द्र माविले शिक्षक पठाउन र लैजानका लागि विद्यालय व्यवस्थापन समितिले निर्णय नै गरेको छ भने रणविर जनहित माविले भने व्यवस्थापन समितिको निर्णय नै नगरी सरुवाको अनुमति दिएको हो । यसले गर्दा रणविर जनहित माविका विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले सहमति नै नगराई गरिएको निर्णय नमान्ने जनाएपछि अहिले विवाद भएको छ । शिक्षक सरुवामा विवाद भएपछि वालिङ नगर शिक्षा समितिले शिक्षक सरुवा निर्देशिका २०८१ र वालिङ नगर शिक्षा ऐनको कानुन विपरीत शिक्षक सरुवा भएको पाइएको हो । शिक्षक सरुवा गर्दा शिक्षकले आवेदन दिनुपर्ने र उक्त आवेदनका आधारमा विद्यालय व्यवस्थापन समितिले सहमतिको निर्णय नगर शिक्षा समितिमा पठाएपछि शिक्षक सरुवा गर्न पाईने प्रष्ट ऐनमा उल्लेख छ । तर रणविर जनहित माविको विद्यालय व्यवस्थापन समितिको सहमति नै नलिएर नगर शिक्षा समितिले कानुन विपरीत शिक्षक सरुवा गरिदिएको छ ।

यता वालिङ नगर शिक्षा समितिले महेन्द्र माविमा कुनैपनि शिक्षक प्रधानाध्यापक हुन इच्छुक नदेखिएको र दशैंको बेला शिक्षकहरुलाई तलब खुवाउनु पर्ने बाध्यकारी अवस्था परेका कारण दरवन्दी मिलान गरी शिक्षक सरुवा गरिएको दावी वालिङ नगर शिक्षा शाखाका प्रमुख खेमनारायण काफ्लेको छ । कार्यविधि अनुसार रणविर जनहित माविका शिक्षक लम्साललाई प्रधानाध्यापक बनाउन र मेहन्द्र माविका शिक्षक पोख्रेललाई शिक्षककै रुपमा नगर शिक्षा समितिले सरुवा गरिदिएको उनले बताए । शिक्षक दरबन्दी मिलान गर्दा नयाँ शैक्षिकसत्र अगावै नगर शिक्षा समितिले पालिका भरी एकैचोटी दरबन्दी मिलान गर्न पाइने व्यवस्था छ । तर शैक्षिकसत्र सूरु भएको झण्डै ६ महिना पुगिसकेको छ । यो समयमा शिक्षकको दरवन्दी मिलान गर्न नमिल्ने शिक्षाविदहरु बताउछन् । दुई शिक्षक सरुवाले अहिले वालिङ नगरपालिका विवादमा तानिएको छ । ऐन र निर्देशिकाका बिषयमा फरक–फरक व्याख्या गरिदा झनै विवादमा तानिएको हो । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (ज) र शिक्षक सरुवासम्वन्धी निर्देशिका २०८१ को अनुसार सरुवा अवलम्बन गर्नुपर्नेमा कुनै पनि विधि र प्रक्रिया नमिलाई सरुवा गरिदिदा नगर शिक्षा समिति अहिले विवादमा परेको छ ।

# धावक अर्जुन गोदार काठमाडौंबाट दौडन सुरु, पोखरा आउदै

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक



नेपाली सेनाबाट निवृत्त भई यूएईको सार्जा पोर्ट हाप म्याराथन दौड प्रतियोगितामा ह्याट्रिक पूरा गर्न सफल कास्की रुपा गाँउपालिकाका धावक अर्जुन गोदार सोमबार बिहान देखि काठमाडौंबाट पोखरा तर्फ दौडेर आउदै हुनुहुन्छ । काठमाडौंको दशरथ रंगशाला देखि सुरु भएको उक्त दौड करिब २ सय किलोमिटरको दौड उहाँले तीन दिन भित्र पूरा गर्ने लक्ष्य सहित आजबाट उक्त दौड सुरु गर्नु भएको हो ।

सोमबार बिहान ५:१७ बजे काठमाण्डौंबाट दौड सुरु भएको विकास खड्काले काठमाण्डौंबाट जानकारी गराउनु भएको छ । काठमाडौंको दशरथ रङ्गशालाबाट सुरु गरी उक्त प्रतियोगिता ३ दिनको दौरानमा पोखरा रङ्गशालामा आएर समापन गर्ने गोदारको लक्ष्य रहेको छ । दैनिक ७० किलोमिटर दौड पूरा गर्ने उहाँको योजना रहेको छ । उहाँलाई मोटरसाइकल राइडर सहितको एक टोलीले आवश्यक मेडिकल सहितको सुविधा समेत उपलब्ध गराइएको छ । आफ्नो व्यक्तिगत खर्चमा उक्त दौड पूरा गर्ने उहाँको लक्ष्य रहेको छ ।

कास्की रूपा गाउँपालिका १ फल्याङकोट निवासी ४४ वर्षीय गोदार नेपालको निकै चर्चित रुटमा पर्ने काठमाडौँदेखि पोखरासम्मको क्षेत्रमा सडक दुर्घटना बढी भएर धेरैको जनधनको क्षेती भएकोले शान्तिको कामना सहित स्वास्थ्यको लागि खेलकुद भन्ने नाराका साथ उक्त दौड पूरा गर्ने अठोट गर्नु भएको बताउनु हुन्छ ।

नेपाली सेनाको हवल्दार पदबाट निवृत भएका गोदार विगत ११ बर्ष देखि युएईको सार्जा पोर्टमा काम गर्दै आउनु भएको छ भने हाल केही दिनको बिदामा नेपाल आएको सन्दर्भमा उक्त दौडमा पुरा गर्ने अभियामना जुट्नु भएको हो । उहाँले हप्तामा कम्तिमा १ सय ५० किलोमिटर दौडदै आउनु भएको थियो । केही समय अघिदेखि काठमाडौं पोखरा रूटमा दौडेर पार गर्ने लक्ष्य लिनु भएको गोदारले मौसम र प्राविधिक कारणले गर्दा बल्ल समय उपयुक्त भएको बताउनु भएको छ । पोखरा म्याराथनमा सहभागी हुने लक्ष्य लिनु भएको गोदारले केही समय अगाडि पोखरामा आयोजना भएको क्रस कन्ट्री पर्वतीय दौड प्रतियोगितामा समेत सहभागी हुनु भएको थियो । आफ्नो एकल दौड भएकोले गर्दा मेडिकल सहित स्वयम सेवकहरु गरी ६ जना आफ्नो दौडको अभियानमा जुट्ने उहाँले बताउनु भयो ।

# बीमा सम्बन्धी छलफल तथा अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक



प्रदेश सरकार कृषि भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय तथा सरोकारवालाहरुसँग बीमा सम्बन्धी छलफल तथा अन्तक्रिया भएको छ ।

नेपाल बीमा प्राधिकरण गण्डकी प्रदेशको आयोजनमा सोमबार पोखरामा छलफल तथा अन्तरक्रिया भएको हो । कार्यक्रममा बाली तथा पशुधन बीमाको प्रिमियममा प्रदान भइरहेको अनुदान सम्बन्धी नयाँ कार्यबिधि बाली तथा बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यबिधि २०८१ मा भएका ब्यवस्थाहरु एवम् कृषि पशुपन्छी एवम् जडीबुटी बीमा सम्बन्धी समसाायिक बिषयहरुमा सरोकारवालाहरु सगँ छलफल भएको नेपाल बीमा प्राधिकरण गण्डकी प्रदेशका प्रमुख केशवप्रसाद दाहालले जानकारी दिनुभयो । छलफलमा बोल्दै गण्डकी प्रदेश सरकारकी भूमी ब्यवस्था तथा सहकारी मन्त्री पदमा जिसी श्रेष्ठले कृषि बिमालाई प्राभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । कृषि बिमा किन गर्ने त भन्ने प्रश्न किसानबाट आउने गरेको बताउदै त्यसको लागि बिमा प्राधिकरण, मन्त्रालय र सम्बन्धित निकायले सबैले चासो राख्नु पर्नेमा मन्त्री श्रेष्ठको जोड रहेको थियो ।

कृषि, भूमि ब्यवस्था तथा सहकारी मन्त्रालयका सचिव डा. टंक प्रसाद प्रसाईले कृषकहरूलाई कृषि तथा पशुपन्छी बीमाका बारेमा जागरुक गराउन कम्तीमा पनि वडा वडामा वा गाउँपालिकामा पुगेर बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने बताउनुभयो।कृषिविकासनिर्देशनालयका महानिर्देशक बासुदेव रेग्मीले कृषि बीमा प्रक्रियालाई सहज एवम् सरल बनाउनुपर्ने र अनुगमनलाई कडाइका साथ अगाडि बढाउनुपर्ने बताउनुभयो । पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका महानिर्देशक डा. बालकुमार श्रेष्ठले कृषि तथा पशुपन्छी बीमाको कार्यान्वयनमा देखिएका समस्याहरूको दीर्घकालीन समाधानका लागि पहल गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा निप्स पोखरा च्याप्टरका अध्यक्षय बद्रिनाथ पौडेल,भूमि ब्यवस्था तथा सहकारी मन्त्रालयका कर्मचारीहरु,बीमा कम्पनीका प्रमुखहरु र कृषकहरुको सहभागिता रहेको थियो । कार्यक्रममा प्रस्तुतिकरण नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक सुन्दरप्रसाद शर्माले गर्नुभएको थियो । कार्यक्रममा कृषकहरुले कृषि बीमा सम्बन्धी जिज्ञासा र गुनासो समेत राखेका थिए ।

## गुरुकुल...

सालबाट राधाकृष्ण गुरुकुल संस्कृत विद्यालय सञ्चालनमा ल्याइएको हो । यहाँ कक्षा ६ देखि १० सम्मको अध्ययन-अध्यापन हुँदै आएको छ । संस्कृत माध्यमिक विद्यालयको पाठ्यक्रममा आधारित रही पठनपाठन भइरहेको सचिव खनालले जानकारी दिनुभयो ।

यसै क्षेत्रमा गर्ग र च्यवन ऋषिले तपस्या गर्नुभएका पौराणिक तथ्यहरूसमेत पाइएका कारण यहाँको समग्र विकासका लागि बृहत् अध्ययन-अनुसन्धान हुनु आवश्यक रहेको लेखनाथ पत्रकार मञ्चका अध्यक्ष एवं गर्ग तथा च्यवन ऋषि आश्रम खोज तथा अनुसन्धान समितिका अध्यक्ष कविराज खनाल बताउनुहुन्छ । "यसै स्थानमा गर्ग र च्यवन ऋषिले तपस्या गरेका विभिन्न शास्त्रीय प्रमाण उपलब्ध छन्", उहाँले भन्नुभयो, "मुक्ति क्षेत्र एवम् हिमालयको राजधानीको मुख्य प्रवेशद्वारका रूपमा विभिन्न अध्ययनग्रन्थले यहाँको चित्रण गरेको पाइएको छ ।" ऐतिहासिक भूमिको खोज-अनुसन्धानसँगै यहाँका राधाकृष्ण शान्ति आश्रम, राधाकृष्ण गुरुकुल संस्कृत विद्यालयलगायत धार्मिक एवम् शैक्षिक क्षेत्रका विविधतालाई समेटेर यस क्षेत्रको विकास गर्नु अपरिहार्य देखिएको अध्यक्ष खनालले बताउनुभयो ।

## तेस्रो पोखरा...

सामग्रीको वितरण तथा कात्तिक २४ गते बिहान ८:३० बजे दौड सुरु हुनेछ ।

हिमालयन टुरिजम फोरमका मिडिया संयोजक ई प्रतीकराज पहारीले चिनियाँ खेलाडीका लागि सात नोभेम्बरमा चीनको कुनमिङबाट पोखरासम्म अन्तर्राष्ट्रिय चार्टर उडानको व्यवस्था गरिनेछ । उहाँका अनुसार प्रतियोगितामा टिम समूह ३० र मिश्रित टिममा ९० खेलाडी हुनेछन् । जसमा १० चिनियाँ टोली र २० नेपाली टोली हुने छन् । खेलाडीहरुले ५० किलोमिटर दुरीमा ट्रेल रनिङ, साइक्लिङ र रोइङ गर्नुपर्नेछ । दौडका क्रममा खेलाडीले दुई हजार दुई सय ५८ मिटर उचाइ पार गर्नेछन् ।

विदेशी नागरिकका लागि दर्ता शुल्क, प्रति टिम रु २२ हजार नौ सय २० तोकिएको छ । च्यालेन्ज इन्डिभिजुअल समूह प्रतियोगितामा करिब दुई सय खेलाडीले (जसमा ८० चिनियाँ र एक सय २० नेपाली) ५० किलोमिटर ट्रेलमा दुई हजार तीन सय ६६ मिटरको उचाइ पार गर्नेछन् । विदेशी नागरिकका लागि दर्ता शुल्क प्रति खेलाडी रु नौ हजार पाँच सय ५० तोकिएको छ । त्यस्तै विद्यार्थी सहभागी पाँच किलोमिटर दौडमा पाँच सय खेलाडीले सहभागिता जनाउनेछन् । ह्याप्पी रन समूह प्रतियोगितामा दुई किलोमिटर दौडमा पाँच सय खेलाडीले प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ । टिम समूहमा शीर्ष पाँच टोलीले नगद पुरस्कार, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रथमलाई रु चार लाख ५८ हजार चार सय, दोस्रोलाई तीन लाख ४३ हजार आठ सय, तेस्रोलाई दुई लाख २९ हजार दुई सय, चौथोलाई एक लाख ५२ हजार आठ सय र पाचौंलाई ९५ हजार पाँच सय नगद पुरस्कारको व्यवस्था रहेको जनाइएको छ । अन्तर ाष्ट्रियस्तरको यस प्रतियोगिता सम्पन्न गर्न नेपालस्थित चिनियाँ राजदूतावास, नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका र हिमालयन टुरिजम फोरम आयोजक रहनेछन् ।

# नि:शुल्क स्वास्थ्य बीमा


पोखरापत्र संवाददाता
तनहुँ, ५ कार्तिक

तनहुँको देवघाट गाउँपालिकाले बोटे, दलित, चेपाङ, ब्राम्ु समुदायको निःशुल्क स्वास्थ्य बीमा गरिने भएको छ ।

गाउँपालिकाले अल्पसङ्ख्यक तथा विपन्न समुदायको निःशुल्क स्वास्थ्य बीमा गरिदिने भएको हो । पालिकाका पाँचवटै वडामा बसोबास गर्ने सीमान्तकृत बोटे र चेपाङसहित दलित र ब्रामु समुदायका बासिन्दाको निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिने गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले जानकारी दिनुभयो । निःशुल्क स्वास्थ्य बीमाका लागि चालु आव २०८१/८२ मा रु ११ लाख विनियोजन गरिएको थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "ती समुदायको मात्र नभइ अति विपन्न ब्राह्मण, क्षेत्रीका नागरिकको पनि गाउँपालिकाले स्वास्थ्य बीमा गरिदिने नीति लिएको छ ।" आर्थिक अभावमा पछाडि पारिएका समुदायहरु न्यूनतम स्वास्थ्य सेवाबाट वञ्चित हुन नपरोस् भनेर यसै आर्थिक वर्षदेखि ती जातिहरुको स्वास्थ्य सेवाको अधिकारलाई सुनिश्चित गरिएको अध्यक्ष थापाले बताउनुभयो । उहाँले सीमान्तकृत र लोपोन्मुख समुदायका सदस्यहरुको स्वास्थ्य, शिक्षालगायत अन्य विभिन्न क्षेत्रमा पनि सहयोग गर्ने पालिकाको नीति रहेको उल्लेख गर्नुभयो ।

## भ्रष्टाचार ...

तर वैकिल्पक राजनीतिक शक्ति र विचार स्थापित हुनेछ," उहाँले भन्नुभयो । नेता भट्टराईले बाहिरी शक्तिहरुले नेपालमा अस्थिरता फैलाउने प्रयास गरेको जिकिर गर्नुभयो । उहाँले सङ्घीयता र समावेशी लोकतन्त्रलाई बलियो बनाएर हिमाल, पहाड र तराईकाबीच बलियो एकता निर्माण गर्नु आवश्यक छ भन्नुभयो । अधिवेशनमा पार्टीका सचिवालय सदस्य एवं विधान तथा घोषणापत्र मस्यौदा समितिका संयोजक डा जनक शाहले पार्टीको घोषणपत्र र सचिवालय सदस्य एवं अधिवक्ता कृष्ण शर्माले पार्टीको विधान प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत घोषणापत्र र विधानका बारेमा सहभागीहरुबीच समूह बनाएर समूहगत छलफल भइरहेको पार्टीका गण्डकी प्रदेश अध्यक्ष किरण थापाले जानकारी दिनुभयो । उहाँका अनुसार अधिवेशनले पार्टीको विधान र घोषणापत्र पारित गर्नेछ । अधिवेशनले पार्टीको सङ्गठनात्मक संरचना, नेतृत्व प्रणाली र सिद्धान्त लगायतका विषयहरु टुङ्गो लगाउने छ । अधिवेशनले पार्टीको महाधिवेशन, मिति र स्थानको घोषणा गर्ने बताइन्छ। विसं २०७२ असोजमा नयाँ संविधान बनेपछि संयोजक भट्टराईले तत्कालीन एकीकृत नेकपा (माओवादी) परित्याग गरी नयाँ शक्ति नामक अभियान सञ्चालन गर्नुभएको थियो । त्यसपछि नयाँ शक्ति नेपाल पार्टी घोषणा गर्नुभएका भट्टराईको पार्टीको नाम परिवर्तन हुँदै हाल नेपाल समाजवादी पार्टी बनेको हो ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# दसैँपछि हराउँछ गाउँको रौनक

ध्रुवसागर शर्मा
म्याग्दी, ५ कार्तिक

शरद ऋतुको रमाइला दिन । उघ्रिएको आकाश। उत्तरतिर टलक्कै टल्किएका हिमाल । खेतैभरी लहलह धान खेत । झलक्क हेर्दा लाग्छ गाउँमा सबै रमाएका छन् । खुसीयाली छाएको छ।

तर, वास्तविकता त्यस्तो कहाँ छ र। गाउँको रौनक यहाँका युवाहरुसँगै बाहिरिएको छ । वयोवृद्ध मात्र गाउँमा छन् । दसैं मनाउन गाउँ आएका पनि आआफ्नो कार्यक्षेत्र फर्किसकेका छन् । उनीहरुसँगै गाउँको रौनक फेरी हराएको छ। दसैँमा आएकाहरु सहर फर्किएपछि दिनभरी चिरबिर गर्ने चराहरु साँझ आफ्नै गुँडमा फर्किएझैँ गाउँ सुनसान भएको छ। उमेरले ८६ वर्ष पार गर्नुभएका म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँटका मनबहादुर घिमिरे दसैंका पाँच दिन छोरा बुहारी र नाति नातिनीसँगै रमाउनुभयो । पोखरामा बसोबास गर्ने छोराबुहारी दसैं पछि फर्केपछि फेरी उहाँ एक्लै हुनुभएको छ।

श्रीमतीको मृत्यु पछि एकल जीवन जिउँदै आउनुभएका घिमिरेलाई खान लाउन र खर्च गर्न कुनै कमी छैन। एउटै कमी भनेको आफ्ना सन्तानको साथमा नहुनु हो । उसो त छोरा बुहारीले आफूसँगै पोखरामा बस्न कर गर्दछन् तर उहाँ आफ्नो थातथलो छोडेर पोखरा जान सक्नुहुन्न।

मनबहादुरकै जस्तो अवस्था छ सोही गाउँका ८७ वर्षीय खड्गबहादुर घिमिरे, ८९ वर्षीय बेदप्रसाद उपाध्याय, १०१ वर्षीय खड्गबहादुर थापा र ७९ वर्षीय टेकबहादुर कार्कीको पनि । उहाँहरुका सन्तान कोही वैदेशिक रोजगारीमा हुनुहुन्छ भने कसैले जवान छोरो गुमाउनुपर्दाको पीडा बोकेर बाँचिरहनुभएको छ । अध्ययन, रोजगार तथा विभिन्न कामले सहरी क्षेत्र बस्दै आएकाहरु दसैं मनाउन गाउँ आएका थिए। चाडपर्व सकिएलगत्तै धमाधम फिर्न थालेपछि गाउँ सुनसान बन्न थालेको मंगला गाउँपालिका-२ रणबांगका हरिकृष्ण पौडेलले बताउनुभयो। “केही दिन गाउँघरमा निकै रमाइलो भयो। देश विदेशका आफन्तहरुसँगको भेटघाटले दिन बितेको पत्तै भएन”, उहाँले भन्नुभयो, “दसैं सकिएसँगै गाउँ आएकाहरु फर्किन थाले । हेर्दाहेर्दै त्यति रमाइलो गाउँ फेरि विरक्तलाग्दो भयो ।” म्याग्दीका छ वटै स्थानीय तहका ग्रामीण क्षेत्रमा धान, कोदो भित्र्याउने समय भएको छ।

गाउँमा मानिसहरु खासै छैनन् । कृषिमा जनशक्तिको अभाव भएपछि जमिन बाँझै राख्न किसान बाध्य छन् । बेनी नगरपालिका-२ का नारायण सापकोटा भन्नुहुन्छ, “दसैँको समयमा गाउँमा जत्तिको रमाइलो कहीँ भएन। दसैं सकिएसँगै गाउँ खाली भयो। अहिले गाउँमा युवा पुस्ता देख्नै मुस्किल छ। बूढाबूढी र बालबालिकाबाहेक अरू देखिँदैनन् ।” गाउँका अधिकांश पोखरा, काठमाडौँ, बुटवल, चितवन, बेनीलगायत ठूला सहरमा बसाइँ गएको धौलागिरि गाउँपालिका-७ ताकमका हेम सुवेदीले बताउनुभयो । गाउँमै गुणस्तरी शिक्षा, स्वास्थ्य र सञ्चारको राम्रो सुविधा भए बसाइँ जाने क्रम घट्ने मालिका-२ की मीना पुनको अनुमान छ । एक दशक अघिसम्म मालिका-५ देवीस्थान गाउँमा खेतीपाती गरेरै जीवन निर्वाह गर्ने धेरै थिए । अचेल हुने खानेहरु सबै बजार झर्न थालेको देवीस्थानका टेकबहादुर बूढामगरले बताउनुभयो । धेरैको रोजाइ सहर हुँदा गाउँका खेतीयोग्य जमिन वनमाराले भरिएको उहाँको भनाइ छ । सदरमुकाम बेनीसँगै जोडिएको बगरफाँट गाउँमा विकासका पूर्वाधार र अवसरको कुनै कमी छैन । यहाँ व्यापार व्यवसायदेखि कृषि, पशुपालन तथा स्वरोजगारका प्रशस्तै सम्भावना छन् । तर यहाँका अनेकौं सम्भावनाप्रति स्थानीय युवाहरुको रुची छैन । युवाहरु अमेरिका, अष्ट्रेलिया, जापान, क्यानडालगायतका मुलुक पुगेका छन्। वैदेशिक रोजगारीका लागि साउदी अरब, कतार, युएई पुगेका छन् । बचेका युवाहरु सहरतिर छन् । दसैं मनाउन जापानबाट पाँच जना आउँदा गाउँको रौनक बेग्लै भएको स्थानीय सुनिल थापाले बताउनुभयो । नौ वर्ष जापान बसेर गाउँ फर्किनुभएका थापा अहिले गाउँमै व्यवसाय गरेर बस्नुभएको छ । उहाँसहित १२ जना युवाहरु मात्रै हाल गाउँमा छन्। ती मध्ये सात जना वैदेशिक रोजगारीका लागि जाने तयारीमा छन् । गाउँमा ६० वर्षदेखि ९९ वर्षसम्मका वृद्धवृद्धाहरुको सङ्ख्या दुईसय भन्दा बढी छ। महिला र बालबालिकाहरु छन् ।

“गाउँ वृद्धाश्रम जस्तो देखिन्छ, बुढाबुढी बाहेक अरु देखिँदैनन् । मर्दापर्दा, दुःख विमार हुँदा खै खबर गर्ने मान्छे गाउँमा छैनन्”, ७४ वर्षिय टेकबहादुर कार्कीले भन्नुभयो । विसं २०७८ को जनगणनाअनुसार जिल्लामा जम्मा परिवार संख्या २८ हजार आठ सय ३० रहेकामा कुल जनसंख्या एक लाख सात हजार ३३ रहेको छ। २०६८ को जनगणनाअनुसार जिल्लाको कुल परिवार संख्या २७ हजार सात सय ६२ रहेकामा त्यतिबेला कुल जनसंख्या एक लाख १३ हजार छ सय ४१ थियो । पछिल्लो जनगणनामा परिवार सङ्ख्या बढे पनि जनसङ्ख्या घटेको छ । पछिल्लो जनगणनाको नतिजाअनुसार जिल्लामा पुरुषको सङ्ख्या ५२ हजार एक सय ५३ रहेको छ भने महिलाको ५४ हजार आठ सय ८० रहेको छ। यसैगरी परिवारको औसत आकार तीन दशमलव ७१ प्रतिशते छ भने लैङ्गिक अनुपात प्रति सयजना महिलामा पुरुषको सङ्ख्या ९५ दशमलव ०३ प्रतिशत छ। जनघनत्व प्रतिवर्ग किलोमिटर ४७ जनाको बसोबास छ। वार्षिक जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेकोमा ‘माइनस’ शुन्य दशमलव ५७ प्रतिशत रहेको तथ्याङ्क कार्यालय बागलुङले जनाएको छ।

जनगणनामा अनुपस्थित (विदेशमा बस्ने) जनसङ्ख्यातर्फ कुल परिवार संख्यामध्ये आठ हजार तीन सय २० रहेकामा जनसङ्ख्या भने १० हजार सात सय ६६ रहेको तथ्याङ्कले देखाएको छ। जसमध्ये पुरुष आठ हजार नौ सय ६१ र महिला १८ सय पाँच रहेका छन्।

# नारच्याङमा सुरक्षित प्रसूति सेवा लिन अन्यत्र जानुपर्ने समस्या अन्त्य

पोखरापत्र संवाददाता
म्याग्दी, ५ कार्तिक

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा बर्थिङ सेन्टर (प्रसूतिगृह) स्थापना भएको छ।

गाउँमै सहज र सुरक्षित प्रसूति सेवा उपलब्ध गराउन निलगिरिखोला हाइड्रोपावरको सहयोगमा भवन निर्माण गरेर अन्नपूर्ण गाउँपालिकाले नारच्याङ स्वास्थ्यचौकीमा प्रसूतिगृहको सेवा विस्तार गरेको हो।

अन्नपूर्ण -४ नारच्याङका वडाध्यक्ष लोकबहादुर फगामीले नयाँ भवन निर्माण र आवश्यक स्वास्थ्य सामग्री व्यवस्थापन गरेर मापदण्डअनुसारको प्रसूतिगृह स्थापना गरेको जानकारी दिनुभयो । “निलगिरिखोला जलविद्युत्आयोजनाकोसामाजिक उत्तरदायित्व कार्यक्रमको बजेटबाट निर्माण भएको भवनमा गाउँपालिकाले स्वास्थ्य सामग्री खरिद गरेर प्रसूतिगृह स्थापना गरेको हो”, उहाँले भन्नुभयो, “नारच्याङका महिला सुरक्षित प्रसूति सेवाका लागि गाउँ छाडेर जानुपर्ने समस्या हटाएका छौं।”

नारच्याङका गर्भवतीहरू यसअघि प्रसूति सेवाका लागि भुरुङ्ग तातोपानी स्वास्थ्यचौकी, बेनी अस्पताल र पोखराका अस्पतालमा जाने गरेका थिए। प्रसूतिगृह स्थापनाका लागि गाउँपालिकाले नारच्याङमा तालिमप्राप्त स्वास्थ्यकर्मी खटाउनुका साथै पछिल्लो कार्यपालिका बैठकले सूचीकृत गरेको थियो । प्रसूति गृहको दुईतले छकोठे भवन निर्माणका लागि निलगिरिखोला जलविद्युत् आयोजनाले रु २८ लाख ४९ हजार सात सय ३० सहयोग गरेको वडाध्यक्ष फगामीले जानकारी दिनुभयो। नारच्याङ स्वास्थ्यचौकी परिसरमा निर्माण भएको भवनको भुइँ तलामा प्रसूतिगृह स्थापना भएको छ । माथिल्लो तलाको तीनवटा कोठामा स्वास्थ्यकर्मीलाई आवासको व्यवस्था मिलाइएको छ। अन्नपूर्ण गाउँपालिकाले विनियोजन गरेको रु १० लाख बजेटबाट प्रसूतिगृह सञ्चालनका लागि आवश्यक सामग्री खरिद र जडान गरिएको स्वास्थ्य शाखा प्रमुख समुन्द्र बरुवालले बताउनुभयो । आठवटा वडा रहेको अन्नपूर्णको वडा नं १ दोवा र वडा नं ३ दानाबाहेकका स्वास्थ्यचौकीमा सुरक्षित प्रसूति सेवा उपलब्ध छ। जोखिमयुक्त प्रसूतिका कारण हुने जोखिम न्यूनीकरण गरी बच्चा र आमाको स्वास्थ्यमा सुधार ल्याउन अन्नपूर्णलाई ‘होम डेलिभरी’ शून्य बनाइएको अध्यक्ष पुनले बताउनुभयो । अन्नपूर्ण गाउँपालिकामा आर्थिक वर्ष २०८०/८१ मा शतप्रतिशत ९१ जनाले सुरक्षित प्रसूति सेवा लिएका थिए। घरमै बच्चा जन्माउँदा आमा र बच्चाको ज्यान खतरामा पर्नुका साथै महिलाहरूमा विभिन्न समस्याले सुत्केरीपछि सताइरहने हुँदा घरमै सुत्केरी हुनेको सङ्ख्या शून्य बनाइएको हो।

# बागलुङको छुर्पी अमेरिका निर्यात

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

पछिल्लो समय यहाँ उत्पादित छुर्पीले राम्रो बजार पाएको छ । सहकारीमार्फत सङ्कलित दूधबाट उत्पादित छुर्पीको माग उच्च छ । यहाँ उत्पादित छुर्पी काठमाडौँ हुँदै अमेरिका निर्यात हुने गरेको छ। बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घमार्फत दूध सङ्कलन, प्रशोधन र बजारीकरण हुने गरेको छ।

वार्षिक रु आठ करोडको दूध तथा दुग्धजन्य पदार्थको कारोबार गर्ने सहकारी सङ्घले आर्थिक वर्ष २०८०/८१ मा मात्रै रु. ३८ लाख ५४ हजार चार सय १० को छुर्पी अमेरिका निर्यात गरेको हो । दुग्ध सहकारी सङ्घ बागलुङका अध्यक्ष दिपक गौतमकाअनुसार सहकारीबाट उत्पादित दूध, दही, घ्यू, पनिर, छुर्पी र खुवामध्ये छुर्पीको माग अन्तर्राष्ट्रिय बजारमा उच्च छ । “दूध, तथा अन्य उत्पादनहरु बागलुङमै खपत भइरहेको हुन्छ, तर छुर्पीको बजार अन्तर्राष्ट्रियस्तरमा छ”, गौतमले भन्नुभयो। दुग्ध उत्पादक सहकारी सङ्घमा एक हजार पाँच सय किसान आबद्ध छन्। सङ्घले किसानबाट सङ्कलित दूधसहित अन्य सात प्रकारका दुग्धजन्य परिकार उत्पादन गरी बिक्री तथा वितरण गर्दै आएको छ। सङ्घले बागलुङ जिल्ला दूधमा आत्मनिर्भर बनाएको छ। सहकारीले गत आवमा रु सात करोड ८३ लाखको दूध, एक करोडको दही, २० लाखको घ्यू, ३२ लाखको पनिर र ८० हजारको खुवा बिक्री गरेको जनाएको छ। हाल सहकारी सङ्घले छुर्पी प्रतिकिलो रु एक हजार दुई सयमा बिक्री गर्दै आएको छ। सहकारीमा आबद्ध किसानले सहकारीमा आवद्ध भएपछि दूधको मूल्यमा समानता र बजारको सुनिश्चिता भएकाले हौसला मिलेको बताएका छन् । सहकारी सङ्घमा १६ कर्मचारीले सङ्कलित दूध बागलुङ बजारका घरघरमै लगेर बिक्री गर्ने गरेको सहकारीका लेखापाल गणेश खड्काले बताउनुभयो । कृषकले उत्पादन गर्ने, सहकारीले सङ्कलन गर्ने र सहकारी सङ्घले दूध प्रशोधन गरी दुग्धजन्य पदार्थ बिक्री गरेर सहकारीको असल अभ्यास गरेको राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा सहकारी अभियन्ता रामबहादुर जिसीको भनाइ छ। दैनिक यहाँका काठेखोला गाउँपालिका र बागलुङ नगरपालिका किसानले उत्पादन गरेको दूध खरिद गरी १४ वटा सहकारीमार्फत सङ्घले बजारीकरण गर्दै आएको छ।

**श्री मुग्रीबेशी सामुदायिक वन उपभोक्ता समूह**

सा‌विक मिजुरे-५, मुग्री हाल मादी गाउँपालिका-९, कास्की

**काठ लिलाम बिक्री सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०६)

यस समूहको खण्ड नं. १ मा वन सम्वर्द्धन कार्य गरी वन पैदावार कटान मुछान गर्दा निस्किएका साल जातको ५०८ QB गोलाई काठका गोलिया लिलाम बिक्री गर्न मिति २०८१/०७/०६ गतेको दिनदेखि समूह बाहिर लिलाम बिक्री गर्न २१ दिनको सार्वजनिक सूचना कार्यालयमा टाँस गरिसकिएको छ । उक्त लिलाममा सहभागी हुनका लागि इच्छुक फर्मले यो सूचना प्रकाशित भएको दिनदेखि २१ औं दिनको साँझ ४:०० बजेसम्म यस कार्यालयमा आएर शिलबन्दी फाराम रु. १०००।- (एक हजार) मात्र तिरी खरिद गरि पेश गर्नुपर्नेछ । २२ औं दिन टेण्डर खोलिने व्यहोरा जानकारी गराउँछौं ।

**सम्पर्क नं.**

***अन्य विस्तृत जानकारीका लागि श्री मुग्रीबेशी सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्नुहोला ।***

**मो. ९८४६९१४४८०**

**सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना**

**पहिलो पटक प्रकाशित मिति २०८१/०७/०६ (पोखरापत्र राष्ट्रिय दैनिक पत्रिका )**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवं हर्जना व्याज र अन्य दै दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्था संग गर्नु भएको सम्झौता उल्लंघन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण सावा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलामबिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सुचना द्धारा जानकारी गराइन्छ। धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेकोमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एका घरको हक लाग्ने चल अचल सम्पति बाट समेत कर्जा असुल उपर गर्न कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले नियमित किस्ता तिर्न यसै सुचना द्धारा जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | धनजमानीको विवरण |
|---|---|---|---|
|  | सदस्यता न : १४९५<br>१. **नाम : लिला गुरुङ**<br>जन्म मिति : २०३७।०८।०५<br>ना.प्र.नं. : ३८२६७<br>जारी मितिः : २०६३।०६।२४<br>बाबुको नाम : लाल बहादुर गुरुङ<br>पतिको नाम : कुल प्रसाद गुरुङ<br>बाजे/ससुरा : गन्दसिं गुरुङ<br>ठेगाना : सानोश्री ०५ बर्दिया<br>हाल : पोखरा १४ कास्की<br>सम्पर्क नं : ९८०३५८०२९८<br><br>**धितो विवरण** : लिला गुरुङको नाममा रहेको छिनेडाडा वडा न. ०४ कित्ता नं. ५१९०, ३०८५ क्षेत्रफल ०-१-२-३, ०-१-२-१ रो. |  | १. **नाम : कुल प्रसाद गुरुङ**<br>जन्म मिति : २०२६।१२।२१<br>ना.प्र.नं. : ३३४७<br>जारी मिति : २०४५।०७।१५<br>बाबुको नाम : गन्दसिं गुरुङ<br>बाजे/ससुरा : रन बहादुर गुरुङ<br>ठेगाना : सानोश्री ०५ बर्दिया<br>हाल : पोखरा १४ कास्की<br>सम्पर्क नं : ९७४६९७८६१५ |
|  | सदस्यता न : १६०४<br>१. **नाम : अनिता बि.क.**<br>जन्म मिति : २०५३।०३।११<br>ना.प्र.नं. : ४६०१७०१०५६७<br>जारी मितिः : २०७०।१२।२३<br>बाबुको नाम : जुल्फे सुनार<br>पतिको नाम : सुनिल बि.क.<br>बाजे/ससुरा : शिबलाल<br>ठेगाना : ढिकुरपोखरी ०१ कास्की<br>हाल : अन्नपुर्ण १ कास्की<br>सम्पर्क नं : ९८१६१८६०४३<br><br>**धितो विवरण** : अनिता बि.क. को नाममा रहेको तनहुँ स्याम्घा वडा न. ०७ कित्ता न. १०२ क्षेत्रफल १-३-०-३ रोपनी | | १. **नाम : मधुमाया सुनार**<br>जन्म मिति : २०२७।०५।१३<br>ना.प्र.नं. : ४६१०४५।३४४<br>जारी मितिः : २०६५।१२।२५<br>बाबुको नाम : चन्द्र बहादुर बि.क.<br>पतिको नाम : जुल्फे सुनार<br>बाजे/ससुरा : नन्दे सुनार<br>ठेगाना : ढिकुरपोखरी ०५ कास्की<br>हाल : अन्नपुर्ण ०३ कास्की<br>सम्पर्क नं : ९८१९१११७९१ |

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**

**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**

**फोनः ०६१-५७३३७५, ५७२२३६**